# राजविराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## राजविराज, सप्तरी मधेश, प्रदेश, नेपाल

**प.स.**
**च.नं.**

**विषय : खाडो नदी नियन्त्रण बालुवा निकासी पटके कर शिलबन्दी बोलपत्र आह्वानको सूचना ।**

**प्रथम पटक प्रकाशित मिति :२०७९ । ०३ ।२२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम लिन पाउने **खाडो नदी नियन्त्रण बालुवा निकासी पटके कर** असुल तहसिल गर्ने कार्यको ठेक्का आ.व. २०७९ श्रावण १ गते देखी २०८० अषाढ मसान्तसम्म वर्ष १ को लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले उक्त ठेक्का लिन इच्छुक व्यक्ती, फर्म , संघ संस्था, सर्वसाधारणले निम्न शर्त बन्देजको अधिनमा रही रितपूर्वक सिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको छ । यो सुचना प्रथम पटक प्रकाशित भएको मिति २०७९।०३।२२ देखी २०७९।०४।०४ गते सम्म कार्यालय समय भित्र रु. १०००।०० (अक्षरेपी एक हजार) पछि फिर्ता नहुने गरि ) राजश्व दाखिला गरी बोलपत्र फाराम खरिद गर्न सकिने छ । खरिद गरिएको बोलपत्र फाराम सक्कलै मिति २०७९।०४।०५ गते दिनको १२.०० बजे भित्र सिलबन्दी गरी दर्ता गराउनु पर्ने छ । पर्न आएका सिलबन्दी बोलपत्र फारामहरु सोही दिनको २:०० बजे रितपूर्वक खोलिनेछ।

## शर्त तथा बन्देजहरु

१. आ.व. २०७९।०८० का लागि यस ठेक्काको न्यनूतम अंक रु. १,०१,१११।०० (अक्षरेपी रु एक लाख एक हजार एक सय एगार) कायम गरिएको छ । उक्त अंक भन्दा सवै भन्दा बढी अंक रितपुर्वक  कबोल गर्नेलाई नियमानुसार एक बर्षका लागि ठेक्का चलन गर्न दिईने छ ।

२. नगरपालिकालाई तिर्न बक्यौता रहेको, पेश्की तथा बेरुजु रहेको, नगरपालिकाले कालो सूचिमा राखी सेवा रोक्का राखेको व्यक्ति वा निजको एकाघरको परिवारका सदस्यहरुले ठेक्का लिन पाउने छैन । बोलपत्रदाताको घरमा अनिवार्य शौचालय हुनु पर्ने छ ।

३. प्राप्त बोलपत्रहरु मिति २०७९।०४।०५ गते अपरान्ह २.०० बजे कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सो समय बोलपत्रदाता अथवा निजको अधिकार प्राप्त प्रतिनिधि उपस्थित हुनु पर्ने छ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

४. बोलपत्र दिने व्यक्ति नेपाली नागरिक भए ५ प्रतिशतका दरले बोलपत्र अंकको धरौटी रकम यस न.पा. कार्यालयको रा.वा. बैंकमा रहेको धरौटी खाता हि.नं. २१८००३०३००००६ मा जम्मा गरि सो को सक्कलै भाउचर यस कार्यालयमा बोलपत्र साथ दाखिला गर्नु पर्ने छ ।

५. बोलपत्र स्विकृत गर्ने, आंशिक स्वीकृत गर्ने वा नगर्ने सर्वावधिकार न.पा.का.मा सुरक्षित रहनेछ ।

६. बोलपत्र सदर हुने व्यक्तिले ठेक्का अंकको दामासाहीले हुन आउने सम्पूर्ण ठेक्का रकम ३ (तिन) किस्तामा चुक्ता गर्नु पर्ने छ । पहिलो किस्ता रकम सम्झौता गर्दा नै अनिवार्य दाखिला गर्नु पर्ने छ । दोस्रो किस्ता रकम २०७९ साल कार्तिक मसान्त सम्म जम्मा गर्नु पर्ने छ । तेस्रो किस्ता रकम २०७९ चैत्र मसान्त सम्म अनिवार्य चुक्ता गर्नु पर्ने छ । तोकिएको समयमा किस्ता रकम चूक्ता नगरिएमा प्रतिदिन रु ५००।- (पाँच सय) विलम्ब शुल्क लाग्ने छ । विलम्ब शुल्क सहित थप ३० दिनको ठेक्का रकम चुक्ता गर्ने अवधी रहने छ । सो अवधि सम्म पनि ठेक्का रकम चुक्ता नगरेमा ठेकेदार र नगरपालिका विच भएको सम्झौता स्वत भंग भएको मानी सरकारी बाँकी सरह बक्यौता रकम असुल उपर तर्फ नियमानुसार कारवाही अगाडी बढाउने छ । आ.व. २०७९।०८० सम्मको एक वर्ष अवधिको बांकी किस्ता वरावरको रकमको परफरमेन्स वण्ड (बैंक ग्यारेन्टी ) दिनु पर्ने छ । धन तथा जेथा जमानीलाई मान्यता दिईने छैन ।

७. ठेकेदारले राखेको बैंक ग्यारेन्टी रकम नगरपालिकाले जुनसुकै बखत मांग गरी आफनो बक्यौता रकम असुलउपर गर्नेछ ।

८. ठेकेदारले ठेका रकम असुल उपर गर्दा सडकमा कुनै पनि प्रकारको ढाट वा अवरोधक हरु राख्ने पाउने छैन ।

९. ठेक्का चलनको सम्बन्धमा अदालत, नगरपालिका बोर्ड, परिषद, स्थानीय प्रशासन, नेपाल सरकारले दिएको आदेश निर्देशनको विना शर्त पालना गर्नु गराउनु पर्ने छ । सो पालना गर्दा कुनै क्षति, हानी नोक्सानी भयो भने नगरपालिका समक्ष मांग दावी ठेकेदारले गर्न पाउने छैन ।

१०. ठेक्का चलन गर्दा प्रचलित नेपाल कानुन बमोजिम गर्न गराउनु पर्ने छ । सो अनुसार नगरेमा ठेकेदार नै स्वत जिम्मेवार हुनेछ ।

११. ठेक्का चलन गर्दातोकिएको दररेट भन्दा बढी रकम कुनै पनि हालतमा ठेकेदारले उठाउन पाउने छैन । न.पा. को छाप लागेको रसिद, भरपाई प्रयोजन ल्याउनुपर्ने छ । कुनै गलत वा अवैधानिक प्रकृया अपनाएको पाएमा बढीमा ३ पटक सम्म न.पा.ले सचेत गराउने छ । सो गर्दा पनि अटेरी गरेमा न.पा.ले ठेक्का तोडी नियमानुसारको कारवाही का लागी प्रकृया अगाडी बढाउने छ ।

१२. नेपाल सरकारलाई बुझाउनु पर्ने कर, शुल्क, दस्तुर रकम ठेकेदारले नै बुझाउनु पर्नेछ ।

१३. कुनै किसिमको हडताल, बन्दी चक्काजाम भएका दिनको रकम मिन्हा माग्ने पाईनेछैन ।

१४. स्वीकृत बोल कवोल अंकको रकम एक मुष्टजम्मा गरेमा कबोल अंक रकमको १० (दश) प्रतिशत छुट हुनेछ ।

१५. ठेकेदारले न.पा.ले तोकेको दररेट ठेक्का उठाउने स्थलमा सबैले देख्ने गरि होर्डिंग बोर्ड बनाई राख्नु पर्नेछ ।

१६. ठेका चलन गर्दा विवाद परेमा त्यसको सामाधान ठेकेदारले गर्नु पर्नेछ ।

१७. ठेकेदार र नगरपालिका कार्यालय विच विवाद उतपन्न भएमा राजविराज नगरपालिका बोर्डले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुनेछ ।

१८. कुनै पनि बाहाना वा कारण देखाई ठेक्का रकम मिनाहा, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन ।

१९. यस सस्चनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

२०. बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

**ठेकेदारले उठाउन पाउने दर रेट :**

| | | |
|---|---|---|
| क) | ठुलो ट्रक प्रति टिप | रु ६००। पटके |
| ख) | हैवा टिपर प्रति टिप | रु ५००। पटके |
| ग) | मिनि हैवा टिपर प्रति टिप | रु ३००। पटके |
| घ) | ट्रेक्टर प्रति टिप | रु १००। पटके |